अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्या :३२ मिति : २०८०।११।२४

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

**उद्योग व्यवसाय दर्ता ,नविकरण,सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी (पहिलो संशोधन),२०८०**

उद्योग व्यवसाय दर्ता ,नविकरण,सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी (पहिलो संशोधन),२०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।११।२२

गाँउपालिका क्षेत्रभित्र उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गरी आर्थिक सम्बृद्धि हासिल गर्न र बहुसंख्यक जनताको आर्थिक पहुच स्थापित गरी गाँउपालिका क्षेत्रभित्रका उद्योग ,व्यापार , व्यवसायीक संस्थाको सञ्चालन, व्यवस्थापन र नियमन गर्न बाञ्छनिय भएको र हाल कार्यन्वयनमा रहेको **उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी २०७५** मा केही बुदाहरु थप गरी संशोधन गर्नुपर्ने भएकाले अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिकाको मिति २०८०।११।२२ गते बसको बैठकले कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

**१) सङ्क्षिप्त नाम र प्रारम्भः-**

(१) यो कार्यविधिको नाम उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी (पहिलो संशोधन), २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२) मुल कार्यविधिको दफा १२ मा उपदफा ३,४ र ५ थप गर्ने:**

३) यो कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै नीतिगत, व्यवहारिक वा कार्यसम्पादन सम्बन्धी समस्या आईपरेमा गाँउकार्यपालिकाले बाधा अडकाउ फुकाई कार्य सम्पादन र सहजीकरण गर्न सक्ने छ ।

४) व्यबसाय दर्ता सम्बन्धित वडा कार्यालयमा गरेतापनि व्यबसाय दर्ताको लगत कट्टा वा संसोधन गाउँ कार्यपालिकाको कार्यालयको निर्णय बमोजिम हुनेछ ।

५) खारेजी तथा संसोधन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) खारेजी वा संसोधनका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने ।

ख) खारेजी तथा संसोधनका लागि वडाले गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने।

ग) गाउँपालिकाले खारेजी/संसोधन गर्दा कसैलाई मर्का पर्ने भए दाबी बिरोध पेश गर्न न्यूनतम ७ दिनको अवधि राखी सार्वजनिक सूचना जारी गर्ने ।

घ) दाबी बिरोध नपरेमा खारेजी वा संसोधन गर्न सकिने ।

ङ) संसोधन भएको हकमा प्रतिलिपि प्रमाणपत्र जारी गर्ने ।

राजपत्रमा प्रकाशित मिति : २०८०।११।२४

आज्ञाले,
अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत